राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ८६ २०८३ असोज २८ गते बुधवार (14 Oct. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## दुई दिनमा एक लाखले छोडे काठमाडौं



दैनिक समाचारदाता

काठमाडौँ २७ असोज । दशैं सुरु भएसँगै काठमाडौं उपत्यकाबाट बाहिरिने यात्रुहरूको संख्या बढ्न थालेको छ ।

उपत्यकाबाट थानकोट नागढुंगा नाका, साँगाका नाका, दक्षिणकालीलगायत नाकाहरूबाट १ लाख बढी यात्रु बाहिरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाह पथको तथ्यांक छ ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख तथा एसएसपी सुरेश काफ्लेका अनुसार १ लाख ९ हजार ६३६ यात्रु उपत्यकाबाट बाहिरिएका छन् । जसमध्ये ६७ हजार ६९० पुरुष र ४१ हजार ९४६ महिला छन् ।

यो संख्या २५ र २६ असोजको हो । आज (२७ असोज)को तथ्यांक भने आउन बाँकी नै रहेको छ । २५ असोजमा ५२ हजार ८२७ यात्रु बाहिरिएका थिए । २६ असोजमा ५६ हजार ८०९ यात्रु बाहिरिए ।

ट्राफिक प्रहरीले उपत्यकाका विभिन्न ठाउँहरूमा यात्रु सहायता कक्ष स्थापना गरेर काम गरिरहेको छ । टिकटमा हुने कालोबजारी, ठगी, यात्रुका गुनासाहरू यात्रु सहायता कक्षमार्फत सम्बोधन भइरहेको एसएसपी काफ्लेले बताए ।

## दुई दिनमा सुनको मूल्य ४ हजार ३ सयले घट्यो



दैनिक समाचारदाता

काठमाडौँ, २७ असोज । नेपाली बजारमा सुनको मूल्य लगातार दोस्रो दिन घटेको छ। मंगलबार सुनको मूल्य प्रतितोला २ हजार २ सय रुपैयाँले घटेको हो। अघिल्लो दिन सोमबार पनि सुनको मूल्य २ हजार १ सय रुपैयाँले घटेको थियो। यससँगै दुई दिनमा सुनको मूल्य प्रतितोला ४ हजार ३ सय रुपैयाँले घटेको छ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार मंगलबारका लागि सुनको मूल्य प्रतितोला २ लाख ९२ हजार २ सय रुपैयाँ कायम गरिएको छ। सोमबार सुन प्रतितोला २ लाख ९४ हजार ४ सय रुपैयाँमा कारोबार भएको थियो।

त्यस्तै, चाँदीको मूल्य पनि घटेको छ। मंगलबार चाँदीको मूल्य प्रतितोला ६० रुपैयाँले घटेर ४ हजार ३ सय ५५ रुपैयाँ कायम भएको महासङ्घले जनाएको छ। अघिल्लो दिन सोमबार चाँदी प्रतितोला ४ हजार ४ सय १५ रुपैयाँमा कारोबार भएको थियो।

# उखु किसानलाई अनुदान दिन नयाँ कार्यविधि

### स्थानीय तहबाट किसानको सूचीकरण, बैंक खातामार्फत भुक्तानी र अनियमितता गर्नेमाथि कारबाहीको व्यवस्था

दैनिक सामचारदाता

काठमाडौं, २७ असोज । उखु किसानले प्रोत्साहन अनुदान पाउन वर्षौंसम्म कुर्नुपर्ने र बिचौलियाबाट लाभ लिने प्रवृत्ति अन्त्य गर्न सरकारले नयाँ कार्यविधि जारी गरेको छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयले 'उखु उत्पादकलाई प्रोत्साहन अनुदान दिने सम्बन्धी कार्यविधि, २०८३' मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत गरी लागू गरेको हो। गत २१ असोजमा स्वीकृत कार्यविधिले किसानको सूचीकरण, अनुदान भुक्तानी, अनुगमन तथा अनियमितता गर्नेमाथि कारबाहीसम्मका व्यवस्था गरेको छ।

कार्यविधिअनुसार अनुदान लिन चाहने उखु किसानले प्रत्येक वर्ष साउनदेखि असोज मसान्तसम्म सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछ। प्राप्त निवेदन जाँचबुझ गरी स्थानीय तहले कात्तिक मसान्तभित्र किसानको अन्तिम सूची तयार गरी प्रमाणित गर्नुपर्नेछ।



सरकारी निकाय वा सरकारको स्वामित्वमा रहेका उखु उत्पादक संस्थाले भने अनुदान पाउने छैनन्। समूह वा सहकारीमार्फत उखु खेती गरी चिनी उद्योगलाई बिक्री गर्ने किसानले भने व्यक्तिगत बैंक खातामै अनुदान पाउने व्यवस्था गरिएको छ।

कार्यविधिले चिनी उद्योगलाई समेत जिम्मेवार बनाएको छ। उद्योगले प्रत्येक आर्थिक वर्षको मंसिर मसान्तभित्र उखु खरिद तथा क्रसिङसम्बन्धी कार्ययोजना कृषि विभागमा पेस गर्नुपर्नेछ। साथै, सरकारले तोकेको न्यूनतम खरिद मूल्यमा उखु खरिद गरी किसानलाई बैंक खातामार्फत भुक्तानी गर्नुपर्नेछ।

उखु क्रसिङ सुरु भएपछि उद्योगले खरिद गरेको उखु र किसानको विवरण प्रत्येक १५ दिनमा सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ।

अनुदान वितरणलाई व्यवस्थित गर्न चिनी उद्योग सञ्चालन भएका जिल्लामा चार सदस्यीय भुक्तानी समिति गठन गरिनेछ। सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन हुने समितिमा कृषि ज्ञान केन्द्रका प्रमुख र आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयका प्रमुख सदस्य रहनेछन्। कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख सदस्यसचिव रहने व्यवस्था छ। समितिले अनुदान रकम र उखु क्रसिङको विवरणका आधारमा बजेट माग गर्ने, उद्योगका कर विवरण जाँच गर्ने तथा अनुदान भुक्तानीसम्बन्धी निर्णय गर्नेछ।

स्थानीय तहले किसानको प्रमाणित सूची र उद्योगबाट प्राप्त विवरण भिडान गरी समितिलाई सिफारिस गर्नुपर्नेछ। उक्त विवरण सूचना पाटी र वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था पनि गरिएको छ।

सूचीकरणका क्रममा छुटेका तर चिनी उद्योगलाई उखु बिक्री गरेका वास्तविक किसानका हकमा स्थानीय तहले पुनः जाँचबुझ गरी छुट्टै सिफारिस गर्न सक्नेछ। भुक्तानी समितिको निर्णयपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले किसानको

बाँकी पृष्ठ ४मा

# बालबालिकाको अवस्था राष्ट्रिय औसतभन्दा कमजोर

### मधेशमा खानेपानीबाहेक शिक्षा, स्वास्थ्य, पोषण, आवास र सरसफाइमा सुधारको खाँचो

दैनिक सामचारदाता

जनकपुरधाम २७ असोज । मधेश प्रदेशमा बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, आवास तथा सरसफाइको अवस्था राष्ट्रिय औसतभन्दा निकै कमजोर रहेको पाइएको छ। खानेपानीमा पहुँच भने राष्ट्रिय औसतभन्दा राम्रो देखिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयले बिहीबार जनकपुरधाममा आयोजना गरेको 'नेपालमा बालबालिकाको बहुआयामिक वञ्चितीकरण प्रोफाइल, २०२६' को मुख्य नतिजा सार्वजनिक कार्यक्रममा यस्तो जानकारी दिइएको हो।

संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) को सहयोगमा गरिएको अध्ययनले मधेशमा



खानेपानीबाहेक बालबालिकाका अन्य सूचकको अवस्था कमजोर रहेको देखाएको राष्ट्रिय तथ्याङ्क कार्यालयकी निर्देशक सन्ध्या दाहाल केसीले जानकारी दिनुभयो।

शून्यदेखि १७ वर्षसम्मका बालबालिकाको अवस्थाबारे तीन वर्षको तुलनात्मक अध्ययन गरिएको प्रतिवेदनमा पछिल्ला वर्षमा विभिन्न क्षेत्रमा वञ्चितीकरणको दर केही घटेको देखिए पनि सुधारका थप प्रयास आवश्यक रहेको उल्लेख छ।

प्रतिवेदनअनुसार नेपालमा खानेपानीको पहुँचबाट २.१ प्रतिशत, शिक्षामा ११.३ प्रतिशत, सरसफाइमा २३.२ प्रतिशत, पोषणमा ४२.२ प्रतिशत, सूचना तथा सञ्चारमा ५२.२ प्रतिशत र आवासमा ५७.५ प्रतिशत बालबालिका वञ्चित छन्।

मधेश प्रदेशमा भने खानेपानीको पहुँचबाट वञ्चित बालबालिकाको हिस्सा ०.८ प्रतिशत मात्रै रहेको प्रतिवेदनमा उल्लेख छ। यसले खानेपानीको पहुँचका दृष्टिले मधेशको अवस्था राष्ट्रिय औसतभन्दा राम्रो रहेको देखाउँछ। यद्यपि, अन्य क्षेत्रमा बालबालिकाको अवस्था सुधार गर्न चुनौती रहेको अध्ययनले औँल्याएको छ।

कार्यक्रममा मधेश प्रदेश नीति तथा योजना आयोगका सदस्य नवलकिशोर यादवले प्रदेशमा विभिन्न सूचक कमजोर देखिनुमा दलित तथा मुस्लिम समुदायमा शिक्षा, स्वास्थ्य र जनचेतनाको कमी पनि एउटा

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

## सम्पादकीय

# सडक सुरक्षामा लापरबाही नगरौँ

चाडपर्व उल्लास, उमङ्ग र पारिवारिक मिलनका अवसर हुन्। तर, यही समयमा सडकमा सवारीसाधनको चाप बढ्ने र चालकको लापरबाहीका कारण दुर्घटनाको जोखिमसमेत बढ्ने गर्छ। चाडपर्वको खुसीलाई शोकमा परिणत हुन नदिन सडक सुरक्षा र ट्राफिक नियमको पालनालाई प्राथमिकता दिन आवश्यक छ। यस सन्दर्भमा धनुषा प्रहरीले सञ्चालन गरेको सुरक्षा अभियानलाई सकारात्मक रूपमा लिनुपर्छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले चाडपर्वलाई लक्षित गरी सञ्चालन गरेको अभियानअन्तर्गत ध्वनि प्रदूषण गर्ने तथा ट्राफिक नियम उल्लङ्घन गरी चलाइएका २४ वटा मोटरसाइकल नियन्त्रणमा लिनु सडक अनुशासन कायम गर्ने प्रयास हो। जनकपुरधामका विभिन्न स्थानमा गरिएको निगरानीका क्रममा ठूलो आवाज निकाल्ने, तीव्र गतिमा जिगज्याग शैलीमा मोटरसाइकल चलाउने, मादक पदार्थ सेवन गरी सवारी चलाउने तथा स्वरूप परिवर्तन गरिएका मोटरसाइकलमाथि कारबाही अघि बढाइएको छ। केही मोटरसाइकलमा नम्बर प्लेट नरहेको र एउटामा परीक्षण नम्बर प्लेट प्रयोग गरिएको तथ्यले पनि सवारी सञ्चालनमा नियमपालनको महत्त्वलाई उजागर गर्छ।

सडक सार्वजनिक सम्पत्ति हो। यसको प्रयोग गर्दा प्रत्येक व्यक्तिले आफ्नो अधिकारसँगै अरूको सुरक्षा र सुविधाप्रतिको जिम्मेवारी पनि बुझ्नुपर्छ। मोटरसाइकलको स्वरूप परिवर्तन गरेर चर्को आवाज निकाल्नु, तीव्र गतिमा जोखिमपूर्ण ढङ्गले चलाउनु वा मादक पदार्थ सेवन गरेर सवारी चलाउनु व्यक्तिगत स्वतन्त्रताको विषय होइन। यस्ता गतिविधिले चालक, यात्रु र सडकमा हिँड्ने पैदलयात्री सबैको जीवन जोखिममा पार्छन्। विशेषगरी चाडपर्वका बेला बालबालिका, ज्येष्ठ नागरिक तथा परिवारसहित यात्रा गर्ने मानिसको आवागमन बढ्ने भएकाले चालक अझ बढी जिम्मेवार बन्नुपर्छ।

यद्यपि सडक सुरक्षा कायम गर्ने जिम्मेवारी प्रहरीको कारबाहीमा मात्र सीमित हुन सक्दैन। नियम उल्लङ्घन भएपछि नियन्त्रणमा लिने र जरिवाना गर्नेभन्दा पनि दुर्घटना हुन नदिने वातावरण निर्माण गर्नु बढी महत्त्वपूर्ण हुन्छ। त्यसका लागि नियमित निगरानी, प्रभावकारी ट्राफिक व्यवस्थापन, सडक सङ्केतको उचित व्यवस्था र नागरिकस्तरमा सचेतना आवश्यक छ। प्रहरीले पनि कारबाही गर्दा कानुनको समान प्रयोग, पारदर्शिता र निष्पक्षता सुनिश्चित गर्नुपर्छ। नियम पालना गर्ने चालकलाई प्रोत्साहन गर्ने र जोखिमपूर्ण गतिविधि नियन्त्रण गर्ने कार्य सँगसँगै अघि बढाउनुपर्छ।

अर्कोतर्फ, अभिभावकले आफ्ना छोराछोरीलाई जिम्मेवार सवारी चालक बन्न प्रेरित गर्नुपर्छ। मोटरसाइकलको अनावश्यक स्वरूप परिवर्तन, चर्को आवाज र सडकमा प्रदर्शन गर्ने प्रवृत्तिलाई मनोरञ्जन वा प्रतिष्ठाको विषय बनाउनु हुँदैन। युवा पुस्ताले पनि सवारीसाधनलाई आफ्नो शक्ति प्रदर्शन गर्ने माध्यम नभई सुरक्षित आवागमनको साधनका रूपमा बुझ्नुपर्छ।

चाडपर्वको सुरक्षा प्रहरीको उपस्थितिले मात्र सुनिश्चित हुँदैन; नागरिकको जिम्मेवार व्यवहारले त्यसलाई सार्थक बनाउँछ। ट्राफिक नियमको पालना गर्नु, हेल्मेट प्रयोग गर्नु, गति सीमित राख्नु, मादक पदार्थ सेवन गरेर सवारी नचलाउनु र सवारीसाधनका आवश्यक कागजात तथा नम्बर प्लेट दुरुस्त राख्नु प्रत्येक चालकको दायित्व हो। धनुषा प्रहरीले थालेको अभियान निरन्तर, निष्पक्ष र प्रभावकारी हुनुपर्छ। सडकमा अनावश्यक हल्ला, तीव्र गति र लापरबाही नियन्त्रण गर्नु नागरिकको स्वतन्त्रतामाथिको हस्तक्षेप होइन, सबैको जीवन रक्षाका लागि गरिएको आवश्यक प्रयास हो। चाडपर्वलाई सुरक्षित, मर्यादित र उल्लासमय बनाउन प्रहरी, नागरिक र सरोकारवाला निकायबीच सहकार्य अपरिहार्य छ। नियम पालना गर्ने संस्कार विकास गर्न सके मात्र सडक दुर्घटना न्यूनीकरण गर्दै चाडपर्वको खुसीलाई सुरक्षित राख्न सकिन्छ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# मधेशमा दलित मुक्ति : सोच र संरचना बदलौँ



सिजेन्द्र सादा

नेपालको कुल जनसङ्ख्याको तुलनामा मधेश प्रदेशमा दलित समुदायको हिस्सा उल्लेखनीय छ। जनसङ्ख्याको यो आकार सामाजिक, आर्थिक र राजनीतिक परिवर्तनको बलियो आधार बन्न सक्छ। तर विडम्बना, यही मधेशका ग्रामीण बस्तीमा शताब्दीयौँदेखि जरा गाडेर बसेको जातीय विभेद, छुवाछूत, भूमिहीनता र सामाजिक बहिष्करणका पीडादायी दृश्य अझै देखिन्छन्। जनसङ्ख्याको ठूलो हिस्सा हुनु र अधिकार तथा अवसरमा समान पहुँच पाउनु फरक कुरा हुन्। मधेशी दलित समुदायको वर्तमान अवस्थाले यही असमान यथार्थलाई उजागर गर्छ।



मधेश प्रदेश सरकारले देशमै पहिलोपटक दलित सशक्तीकरण ऐन, २०७६ जारी गरेर सामाजिक न्यायको दिशामा महत्त्वपूर्ण पहल गरेको थियो। तर कानुन निर्माणलाई नै उपलब्धिको अन्तिम बिन्दु मान्ने प्रवृत्तिले अपेक्षित परिवर्तन ल्याउन सकेको छैन। कानुनको प्रभावकारिता त्यसको कार्यान्वयनमा निर्भर हुन्छ। जबसम्म दलित समुदायले शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि, सार्वजनिक सेवा र राज्यका निर्णय प्रक्रियामा समान अवसर पाउँदैन, तबसम्म सशक्तीकरणको घोषणा व्यवहारमा रूपान्तरण हुन सक्दैन।

मधेशमा दलित मुक्तिको प्रश्नलाई बुझ्न दुईवटा पक्षमा गम्भीर विमर्श आवश्यक छ। पहिलो, गैरदलित समुदायबाट दलितमाथि हुने बाह्य संरचनागत विभेद र उत्पीडन। दोस्रो, दलित समुदायभित्रै कायम रहेको जातीय तहगत विभाजन, छुवाछूत र सामाजिक उच्चनीचको मानसिकता। यी दुवै समस्या एकअर्कासँग जोडिएका छन्। एउटा बाह्य सामाजिक संरचनाले सिर्जना गरेको असमानता हो भने अर्को त्यही असमानताको प्रभाव समुदायभित्रै पुनरुत्पादन भइरहेको अवस्था हो।

धनुषा, महोत्तरी, सिरहा र सप्तरीलगायत मधेशका विभिन्न जिल्लाका ग्रामीण बस्तीमा दलित समुदायले भोग्दै आएका विभेदका घटनाले सामाजिक परिवर्तनको गति अझै सुस्त रहेको देखाउँछन्। सार्वजनिक स्रोतसाधनको प्रयोगमा अवरोध, सामाजिक भोजमा अलग व्यवहार, अन्तरजातीय विवाहप्रति असहिष्णुता, भूमिहीनता र मर्यादित जीवनयापनका अवसरबाट वञ्चित हुनुपर्ने अवस्था समानताको संवैधानिक प्रत्याभूतिमाथि प्रश्न उठाउने विषय हुन्।

शिक्षा, स्वास्थ्य, रोजगारी र राजनीतिक प्रतिनिधित्वमा दलित समुदायको पहुँच कमजोर रहनु पनि संयोग मात्र होइन। ऐतिहासिक वञ्चितीकरण, आर्थिक विपन्नता र सामाजिक विभेदले उनीहरूलाई अवसरको प्रतिस्पर्धामा पछाडि पारेका छन्। दलितमाथि हुने कुटपिट, सामाजिक बहिष्कार तथा जातीय विभेदका घटनाले कानुनी निषेध हुँदाहुँदै पनि विभेदकारी सोच जीवित रहेको सङ्केत गर्छन्।

यसको अन्त्यका लागि गैरदलित समुदायले आफ्नो सामाजिक जिम्मेवारी स्वीकार गर्नुपर्छ। जातीय श्रेष्ठताको भ्रम त्यागेर समान नागरिकका रूपमा व्यवहार गर्ने संस्कार विकास गर्नुपर्छ। राज्यले पनि विभेदका घटनालाई सामान्य सामाजिक विवादका रूपमा होइन, व्यक्तिको सम्मान, अधिकार र न्यायसँग जोडिएको गम्भीर विषयका रूपमा लिनुपर्छ। कानुन उल्लङ्घन गर्ने व्यक्तिलाई जवाफदेही बनाउने र पीडितलाई न्याय दिलाउने प्रक्रिया प्रभावकारी हुन आवश्यक छ।

दलित मुक्तिको बहस बाह्य उत्पीडनको विरोधमा मात्र सीमित हुनु हुँदैन। दलित समुदायभित्रै कायम रहेको जातीय उच्चनीचको सोच पनि उत्तिकै गम्भीर चुनौती हो। मधेशी दलित समुदायका विभिन्न जाति तथा समूहबीच सामाजिक दूरी, छुवाछूत, पानी तथा भोजभतेरमा विभेद र वैवाहिक सम्बन्धमा निषेधका अभ्यास कायम रहनु चिन्ताको विषय हो।

कुनै समुदायले आफूभन्दा शक्तिशाली समूहबाट विभेद भोगिरहेको अवस्थामा उसैले आफूभन्दा बढी सीमान्तकृत समुदायमाथि उस्तै व्यवहार दोहोऱ्याउनु सामाजिक न्यायको मूल भावनाविपरीत हो। आफूले भोगेको पीडालाई अरूमाथि थोपर्नु विभेदको अन्त्य होइन, त्यसको निरन्तरता हो। त्यसैले दलित समुदायभित्र पनि कुनै जाति ठूलो वा सानो, कुनै समूह उच्च वा नीच भन्ने मान्यतालाई अस्वीकार गर्नुपर्छ। यस्तो आन्तरिक विभेदले दलित समुदायको सामूहिक एकतालाई कमजोर बनाउँछ। साझा समस्या समाधानका लागि आवश्यक सामूहिक आवाज र राजनीतिक तथा सामाजिक शक्तिलाई विभाजित गर्छ। अधिकारको आन्दोलन तब मात्र प्रभावकारी हुन्छ, जब त्यसले सबैभन्दा पछाडि पारिएका समुदायको पीडालाई समेत समान प्राथमिकताका साथ सम्बोधन गर्छ।

यद्यपि आन्तरिक विभेदलाई बाह्य उत्पीडनसँग बराबर ठानेर ऐतिहासिक तथा संरचनागत असमानताको जिम्मेवारीबाट राज्य र गैरदलित समुदायलाई मुक्त गर्न मिल्दैन। बाह्य विभेदको अन्त्य राज्य, समाज र अधिकारसम्पन्न पक्षको जिम्मेवारी हो भने आन्तरिक विभेदको अन्त्य दलित समुदायभित्रको आत्मसमीक्षा, संवाद र साझा सङ्घर्षसँग जोडिएको छ। दुवै क्षेत्रमा एकैसाथ काम गर्न आवश्यक छ।

अब मधेश प्रदेश सरकार, स्थानीय तह, राजनीतिक दल, नागरिक समाज र दलित अधिकारकर्मीले दलित सशक्तीकरणलाई नाराभन्दा माथि उठाउनुपर्छ। दलित सशक्तीकरण ऐन, २०७६ को प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना, पर्याप्त बजेट, नियमित अनुगमन र परिणाममुखी मूल्याङ्कन आवश्यक छ। शिक्षा, स्वास्थ्य, सीप विकास, रोजगारी, उद्यमशीलता, भूमि तथा आवासमा पहुँच बढाउने कार्यक्रम सञ्चालन गर्नुपर्छ। सरकारी निकायमा दलित समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्दै निर्णय प्रक्रियामा उनीहरूको सहभागिता बढाउनुपर्छ।

त्यसैगरी, स्थानीय तहले जातीय विभेद र छुवाछूतविरुद्ध जनचेतना अभिवृद्धि, विद्यालयस्तरीय सामाजिक न्याय शिक्षा, समुदायबीच संवाद तथा पीडितलाई न्यायमा पहुँच दिलाउने कार्यलाई प्राथमिकता दिनुपर्छ। कार्यक्रमको उपलब्धि खर्च भएको बजेटबाट मात्र होइन, विभेदका घटनामा आएको कमी र दलित समुदायको जीवनस्तरमा भएको सुधारबाट मापन गरिनुपर्छ।

दलित समुदायभित्रका विभिन्न जाति र समूहबीच समानता, सहकार्य र पारस्परिक सम्मानको संस्कृति विकास गर्नु पनि उत्तिकै आवश्यक छ। साझा सङ्घर्षको आधार साझा पीडा मात्र होइन, साझा मानवीय गरिमा र समान अधिकारप्रतिको प्रतिबद्धता हुनुपर्छ।

मधेशमा समतामूलक समाज निर्माणका लागि सोच र संरचना दुवै बदल्न आवश्यक छ। गैरदलित समुदायले जातीय अहङ्कार र विभेदकारी व्यवहार त्याग्नुपर्छ, राज्यले कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ र दलित समुदायले आफ्नै भित्रको जातीय उच्चनीचको मानसिकता अन्त्य गर्नुपर्छ। यी प्रयास एकअर्काका विकल्प होइनन्, परिपूरक हुन्। सामाजिक न्यायको यात्रा अरूलाई बदल्ने मागबाट मात्र पूरा हुँदैन; आफ्ना व्यवहार र संस्थागत संरचनाको समीक्षा पनि आवश्यक हुन्छ। जब प्रत्येक व्यक्तिले जातका आधारमा होइन, मानवका रूपमा सम्मान पाउनेछ, तब मात्र मधेशको सामाजिक परिवर्तन सार्थक हुनेछ। अन्यथा, समानता र समावेशिताका प्रतिबद्धता भाषण तथा राजनीतिक नारामै सीमित रहनेछन्।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# आस्था वचत तथा ऋण सहकारी संस्था लि.

जनकपुरधाम, धनुषा, (मधेश प्रदेश)

## ऋण तिर्न/बुझाउन आउने ३५ दिने अत्यन्त जरुरी सूचना

यस आस्था बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न ऋण शिर्षक अन्तर्गत लिनु भएको ऋणको साँवा, व्याज र अन्य दै दस्तुर समेत यसै संस्था संगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरि नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत अनुरोध गर्दा पनि ऋणको साँवा, व्याज र अन्य दै दस्तुर समेत संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण चुक्ता, भुक्तान गर्नको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको ऋणको सम्पूर्ण साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नको लागी अनुरोध गरिन्छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको ऋणको साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा १, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण नीति बमोजिम संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सुरक्षणमा रहेको सम्पूर्ण बचत तथा शेयर रकमबाट असुलउपर गरिलिने र सहकारी ऐनको दफा ८० बमोजिम कालो सुचिमा समावेश गरि अन्य कानुनी प्रक्रिया समेत अगाडी बढाउने र संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, व्याज, हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ ।



ऋण सं. : **००१०२०००१०**
ऋणी को नाम : **सोमित राउत बेलदार**
पति : **चेथारु राउत**
ससुरा : **बौजन राउत**
ठेगाना : **जि. धनुषा ,घोडघास गा.पा -३**
हाल ठेगाना : **जि. धनुषा , नगराई -०९ घोडघास**
ऋण लिएको मिति : **२०७१/१०/०८**
भाखा नाघेको मिति : **२०८३/१०/०७**



ऋण सं. : **००११२०००१४**
ऋणी को नाम : **राम कुमारी देवी**
पति : **गंगा खत्वे**
ससुरा : **किसुनिया मण्डल खत्वे**
ठेगाना : **जि. धनुषा, हंसपुर -२ कठपुला**
हाल ठेगाना : **जि. धनुषा, हंसपुर -२ कठपुला**
ऋण लिएको मिति : **२०७६/०७/०८**
भाखा नाघेको मिति : **२०८१/०७/०७**



ऋण सं. : **००१०५०००००२**
ऋणी को नाम : **श्रीमति शिव कुमारी राउत**
बाबु : **नबल किशोर राउत**
बाजे : **महेश्वर राउत**
ठेगाना : **जि धनुषा फुलगामा-08**
हाल ठेगाना : **जि धनुषा नगराईन न.पा-०८**
ऋण लिएको मिति : **२०७३/०५/०७**
भाखा नाघेको मिति : **२०७५/०५/०६**



ऋण सं. : **००११२००००६६**
ऋणी को नाम : **राम कुमारी साह तेली**
पति : **सोने साह तेली**
ससुरा : **चन्द साह तेली**
ठेगाना : **जि धनुषा भुचक्रपुर -०१**
हाल ठेगाना : **जि धनुषा बटेश्वर -२ भुचक्रपुर**
ऋण लिएको मिति : **२०७६/०९/१४**
भाखा नाघेको मिति : **२०८१/०९/१३**



ऋण सं. : **००११०००१०९**
ऋणी को नाम : **गोलो देवी पासमान**
पति : **सरगुन पासमान**
ससुरा : **करी पासमान**
ठेगाना : **जि धनुषा घोडघास गा.पा -२**
हाल ठेगाना : **जि धनुषा नगराईन न पा -९**
ऋण लिएको मिति : **२०७५/०५/११**
भाखा नाघेको मिति : **२०८०/०५/१०**



ऋण सं. : **००११५००००५९**
ऋणी को नाम : **इशान शेष**
बाबु : **शेष इन्ताप**
बाजे : **मो इलाही शेष**
ठेगाना : **जि-धनुषा, बसहिया गा पा - १**
हाल ठेगाना : **जि-धनुषा, जनकपुरधाम -२४ बसहिया**
ऋण लिएको मिति : **२०७५/०७/१३**
भाखा नाघेको मिति : **२०८०/०७/१२**



ऋण सं. : **००११२०००१७२**
ऋणी को नाम : **मो.जोगी साह तेली**
बाबु : **गनगाई साह**
बाजे : **हजारी साह तेली**
ठेगाना :जि धनुषा नगराईन न पा -२ फूलगामा
हाल ठेगाना : **जि धनुषा बटेश्वर -४**
ऋण लिएको मिति : **२०७७/१०/२६**
भाखा नाघेको मिति : **२०८०/०८/२४**



ऋण सं. : **००११५०००७५**
ऋणी को नाम : **सिता शरण यादव**
पति : **महाबिर यादव**
ससुरा : **रामधारी यादव**
ठेगाना :जि धनुषा मुखियापट्टी मुसर्निया गा.पा -४
हाल ठेगाना : **जि धनुषा जनकपुरधाम - ७**
ऋण लिएको मिति : **२०७५/०९/१९**
भाखा नाघेको मिति : **२०८०/०९/१८**



ऋण सं. : **००११००००२०**
ऋणी को नाम : **नितु कुमारी**
बाबु : **रबिन्द्र कुमार चौधरी**
बाजे : **बलराम चौधरी**
ठेगाना : **जि-धनुषा,सखुवा महेन्द्रनगर -३**
हाल ठेगाना : **जि-धनुषा,क्षिरेश्वरनाथ नगरपालिका -५**
ऋण लिएको मिति : **२०७६/१०/२१**
भाखा नाघेको मिति : **२०८५/१०/२०**



ऋण सं. : **००११५००००८८**
ऋणी को नाम : **राज कुमारी देवी**
बाबु : **इनरदेव दास तत्मा**
बाजे : **रामपृत दास तत्मा**
ठेगाना : **जि धनुषा बेंगाशिवपुर गा.पा - १**
हाल ठेगाना : **जि धनुषा जनकपुरधाम -१९ बेंगाशिवपुर**
ऋण लिएको मिति : **२०७५/१०/२४**
भाखा नाघेको मिति : **२०८०/१०/२३**



ऋण सं. : **००११५०००१३७**
ऋणी को नाम : **बिनिता देवी महतो कोइरी**
पति : **प्रमोद महतो**
ससुरा : **हरि नारायण महतो कोइरी**
ठेगाना : **जि धनुषा सखुवा महेन्द्रनगर -२**
हाल ठेगाना : **जि.धनुषा क्षिरेश्वरनाथ न.पा -६ सखुवा** महेन्द्रनगर
ऋण लिएको मिति : **२०७६/०२/२०**
भाखा नाघेको मिति: **२०७७/०१/03**



ऋण सं. : **००२१२००००२**
ऋणी को नाम : **प्रनिता देवी राई दनुवार**
बाबु : **राम नारायण राई दनुवार**
बाजे : **विशेश्वर सिंह**
ठेगाना : **जि धनुषा सखुवा महेन्द्रनगर - ८**
हाल ठेगाना: **जि धनुषा क्षिरेश्वरनाथ नगरपालिका -४**
ऋण लिएको मिति : **२०८०/०२/२९**
भाखा नाघेको मिति: **२०८५/०२/२८**



ऋण सं. : **००१०८०००३४**
ऋणी को नाम : **बिरेन्द कुमार साह**
बाबु : **भोला साह**
बाजे : **मौजे साह**
ठेगाना : **जि धनुषा धनुषाधाम-८ उमाप्रेमपुर**
हाल ठेगाना : **जि धनुषा धनुषाधाम -८ उमाप्रेमपुर**
ऋण लिएको मिति : **२०७८/०७/१७**
भाखा नाघेको मिति : **२०७९/१०/०१**



ऋण सं. : **००१०५०००२२**
ऋणी को नाम : **इंकि कुमारी**
पति : **शिव कुमार चौधरी**
ससुरा : **दिनेश चौधरी**
ठेगाना : **जिधनुषा,जनकपुरधाम-११ मिल्सऐरिया**
हाल ठेगाना : **जि धनुषा,जनकपुरधाम-११ मिल्सऐरिया**
ऋण लिएको मिति : **२०७५/०८/०९**
भाखा नाघेको मिति : **२०८०/०८/०८**



ऋण सं. : **००११०००२१७**
ऋणी को नाम : **शिव कुमार चौधरी**
पति : **दिनेश चौधरी**
ससुरा : **पण्डित बलभद्र चौधरी**
ठेगाना : **जि धनुषा जनकपुरधाम -११ मिल्सऐरिया**
हाल ठेगाना : **जि धनुषा जनकपुरधाम -११ मिल्सऐरिया**
ऋण लिएको मिति : **२०८०/०३/११**
भाखा नाघेको मिति: **२०८०/०९/३०**



ऋण सं. : **००१०८००००६५**
ऋणी को नाम : **प्रमिला कुमारी देवी**
बाबु : **सुर्य नारायण महासेठ**
बाजे : **परमेश्वर महासेठ**
ठेगाना : **जि. सिरहा न. पा.- १ सिरहा**
हाल ठेगाना : **जि. धनुषा, जनकपुरधाम - १ जनकपुर**
ऋण लिएको मिति :**२०७९/११/१७**
भाखा नाघेको मिति : **२०८०/१२/३०**



ऋण सं. : **००११०००१२३**
ऋणी को नाम : **मेनका कुमारी**
बाबु : **लक्ष्मन मण्डल धानुक**
बाजे : **राम सुन्दर मण्डल**
ठेगाना : जि- धनुषा,नगराईन-लगामागढागुठी
हाल ठेगाना : **जि - धनुषा, जनकपुरधाम -08**
ऋण लिएको मिति : **२०७७/१२/१९**
भाखा नाघेको मिति : **२०७८/०२/०३**



ऋण सं. : **००११०००१८५**
ऋणी को नाम : **निर्मला देवी**
बाबु : **राजेन्द बिन्द**
बाजे : **सिहेश्वर बिन्द**
ठेगाना : **जि धनुषा घोडघास -१**
हाल ठेगाना : **जि धनुषा नगराईन -९**
ऋण लिएको मिति : **२०७९/०३/१७**
भाखा नाघेको मिति : **२०९४/०३/१६**



ऋण सं. : **००११००००४७**
ऋणी को नाम : **राजेश कुमार साह**
बाबु : **बैजनाथ साह**
बाजे : **बिलाश साह**
ठेगाना : **जि धनुषा जनकपुरधाम ६**
हाल ठेगाना : **जि धनुषा जनकपुरधाम ६**
ऋण लिएको मिति : **२०७७/०७/२५**
भाखा नाघेको मिति: **२०७८/०९/०५**



ऋण सं. : **००११२००००२**
ऋणी को नाम : **कर्किनी माझी**
पति : **बुधे माझी**
ससुरा : **रत्न बहादुर माझी**
ठेगाना : **जि धनुषा बेंगाडावर -९**
हाल ठेगाना :**जि धनुषा मिथिला नगरपालिका -१०**
ऋण लिएको मिति : **२०७६/०६/१३**
भाखा नाघेको मिति : **२०८१/०६/१२**

# सांसद खगेन्द्र सुनारमाथि तीन फौजदारी मुद्दा विचाराधीन

दैनिक समाचारदाता
काठमाडौं २७ असोज । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद खगेन्द्र सुनारले एक महिलालाई अपशब्द प्रयोग गर्दै ज्यान मार्ने धम्की दिएको भनिएको अडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि पार्टीले छानबिन थालेको छ।

रास्वपाका महामन्त्री विपिन आचार्यले मंगलबार जारी गरेको विज्ञप्तिमा सुनारसँग सम्बन्धित श्रव्य सामग्री तथा उनीमाथि उठेका प्रश्नबारे छानबिन गर्न केन्द्रीय अनुशासन आयोगलाई निर्देशन दिइएको उल्लेख छ।



सार्वजनिक अडियोमा सुनारको आवाज भएको दाबी गर्दै एक महिला र बच्चालाई समेत मार्ने धम्की दिइएको सुनिन्छ। यद्यपि, उक्त अडियोको आधिकारिक पुष्टि भइसकेको छैन। राष्ट्रिय सभा सदस्य रामकुमारी झाँक्रीले यस प्रकरणप्रति प्रतिक्रिया दिँदै हिंसाको पनि सीमा हुने बताएकी छन्।

२०८२ फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा बाँके-३ बाट प्रत्यक्ष निर्वाचित सुनार दलित समुदायका एकमात्र सांसद हुन्। दलितमाथि हुने विभेदविरुद्ध उनले आफ्नै हातखुट्टामा नेल लगाएर माइतीघरमा प्रदर्शनसमेत गरेका थिए। तर, अहिले उनीमाथि महिला र बालबालिकालाई धम्की दिएको आरोप लागेपछि उनको सार्वजनिक छविमाथि प्रश्न उठेको छ।

***तीन फौजदारी मुद्दा विचाराधीन***

राजनीतिमा आउनुअघि पत्रकारिता गरेका सुनारविरुद्ध तीनवटा फौजदारी मुद्दा अदालतमा विचाराधीन रहेको विवरण सार्वजनिक भएको छ। दैलेखको नारायण नगरपालिका-२, भैँसेखोर घर भएका सुनारविरुद्ध सुर्खेत र काभ्रेलगायतका अदालतमा मुद्दा चलिरहेको छ।

२०८१ असार ७ गते सुर्खेतस्थित मेहेलकुना अस्पतालमा तोडफोड तथा स्वास्थ्यकर्मीमाथि हातपात गरेको आरोपमा उनीविरुद्ध मुद्दा दायर भएको थियो। अस्पताल प्रमुख डा. सोजन सापकोटाको जाहेरीका आधारमा प्रहरीले अनुसन्धान गरी अदालतमा पेस गरेको उक्त मुद्दाको अन्तिम फैसला भएको छैन। अदालतले उनलाई उपस्थित गराउन ३५ दिने म्याद जारी गर्न जिल्ला प्रहरी कार्यालय दैलेखलाई पत्राचार गरेको थियो। सुनार अदालतमा उपस्थित भए पनि मुद्दा टुङ्गिएको छैन।

त्यस्तै, २०८० असार ३ गते सुर्खेत प्रहरीले उनीविरुद्ध सार्वजनिक शान्तिविरुद्धको कसुरमा मुद्दा चलाएको थियो। त्यसबेला जिल्ला प्रशासन कार्यालय सुर्खेतमा २० हजार रुपैयाँ धरौटी बुझाएर उनी रिहा भएका थिए।

सुनारविरुद्ध काभ्रे जिल्ला अदालतमा विद्युतीय कारोबारसम्बन्धी कसुरको मुद्दासमेत विचाराधीन छ। मनिषा गौतमको जाहेरीका आधारमा प्रहरीले अनुसन्धान गरी मुद्दा अघि बढाएको थियो। अदालतले जारी गरेको पक्राउ पुर्जी तामेल गर्ने प्रयोजनका लागि जिल्ला प्रहरी कार्यालय दैलेखलाई पत्राचार गरिएको थियो।

२०८२ कात्तिक १३ गते अदालतमा उपस्थित भएर बयान दिएका सुनारलाई थुनछेक बहसपछि न्यायाधीश नगेन्द्रकुमार कालाखेतीको इजलासले ५० हजार रुपैयाँ धरौटीमा रिहा गर्ने आदेश दिएको थियो। प्रहरीको अनुसन्धान निष्कर्षअनुसार उक्त प्रकरणमा पनि पीडित महिलालाई फेसबुक लाइभमार्फत अपमानजनक तथा आपत्तिजनक भाषा प्रयोग गरिएको थियो। यी तीनवटै मुद्दामा अन्तिम फैसला भइसकेको छैन।

***मन्त्री बन्ने तयारीदेखि विवादसम्म***

जेनजी आन्दोलनपछि सुशीला कार्की नेतृत्वको मन्त्रिपरिषद्मा सुनारलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री बनाउने तयारी अन्तिम चरणमा पुगेको थियो। तर, मन्त्री बन्ने सूचीमा उनको नाम सार्वजनिक भएपछि विगतका घटनालाई लिएर विरोध सुरु भयो। शपथ लिन जाने तयारी भइरहेका बेला अदालतमा मुद्दा विचाराधीन रहेको विवरण सार्वजनिक भएपछि उनी मन्त्री बन्नबाट रोकिएका थिए।

केही समयअघि संसदीय सुनुवाइ समितिमा सुनार र उनका साथीले नियुक्ति तथा सरुवालगायतका काम गरिदिने भन्दै रकम लिएको आरोपसहित उजुरी परेको विषयसमेत चर्चामा आएको थियो। उक्त प्रकरणबारे चर्चा भइरहेकै बेला उनीसँग सम्बन्धित भनिएको अर्को विवादास्पद अडियो सार्वजनिक भएको हो।

***कारबाही हुन्छ कि हुँदैन?***

सामाजिक सञ्जालमा लेखिएको आरोपका आधारमा कलाकार सागर लम्साल ‘बले’लाई प्रहरीले नियन्त्रणमा लिएर अभद्र व्यवहारसम्बन्धी मुद्दामा अनुसन्धान गरेको घटनासँग तुलना गर्दै अहिले सांसद सुनारमाथि पनि कारबाही हुनुपर्ने आवाज उठ्न थालेको छ।

प्रहरीका एक उच्च अधिकृतका अनुसार पीडित महिलाले उजुरी दिएमा कानुनबमोजिम अनुसन्धान अघि बढाउन सकिनेछ। उनका अनुसार अहिले राजनीतिक दलले नै छानबिन गरिरहेको अवस्थामा प्रहरी अनुसन्धान सुरु गर्न जाहेरी आउनु आवश्यक छ।

तर, सुनारले भने सार्वजनिक अडियोको खण्डन गरेका छन्। मंगलबार सार्वजनिक भिडियोमार्फत उनले काल्पनिक व्यक्तिलाई जोडेर आफ्नो जस्तै सुनिने स्वरमा अडियो तयार गरी चरित्रहत्या गर्न खोजिएको दाबी गरेका छन्। सार्वजनिक लेखा समितिमा प्रहरीभित्रको भ्रष्टाचारबारे प्रश्न उठाएकै कारण आफूविरुद्ध सञ्चारमाध्यममार्फत आक्रमण भइरहेको उनको तर्क छ।

आफ्नो कमजोरी प्रमाणित भए सांसद पद त्याग्न तयार रहेको बताउँदै आएका सुनार पछिल्लो समय विभिन्न विवादमा तानिएका छन्। यद्यपि, उनीमाथि लागेका आरोप र अदालतमा विचाराधीन मुद्दालाई अन्तिम फैसला नभएसम्म प्रमाणित कसुरका रूपमा लिन मिल्दैन।

रास्वपाका सचेतक प्रकाशचन्द्र परियारले सार्वजनिक अडियोमा सुनिएको आवाज सुनारकै भएको पुष्टि भए कारबाही गरिने बताएका छन्। ‘त्यो शब्द हाम्रै सांसदको हो भने कारबाही हुन्छ,’ उनको भनाइ छ।

पार्टीको अनुशासन आयोगले छानबिन सुरु गरिसकेको अवस्थामा अब अडियोको सत्यता कसरी पुष्टि हुन्छ र त्यसपछि पार्टी तथा सम्बन्धित निकायले कस्तो कदम चाल्छन् भन्ने चासो बढेको छ।

## सरकारी सवारीसाधन दुरुपयोग गर्ने पक्राउ

दैनिक समाचारदाता
बनेपा २७ असोज । काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-३ कुशादेवीका ४० वर्षीय गणेश सापकोटा पक्राउ परेका छन् ।

सार्वजनिक बिदाको दिन (शनिबार), असोज २४ गते सरकारी सवारीसाधन दुरुपयोग गरी सार्वजनिक स्थानमा सर्वसाधारणसँग अभद्र व्यवहार गरेको आरोपमा उनी पक्राउ परेका हुन् । जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका सूचना अधिकारी रबिन विष्टले सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोका आधारमा सापकोटालाई असोज २५ गते पक्राउ गरी जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा उपस्थित गराइएको छ ।

सापकोटालाई जिल्ला प्रशासन कार्यालयबाट तीन दिनको म्याद थप अनुमति लिएर इलाका प्रहरी कार्यालय बनेपाको हिरासतमा राखी थप अनुसन्धान भइरहेको सूचना विष्ट जानकारी दिनुभयो । उहाँका अनुसार सापकोटामाथि अभद्र व्यवहारसम्बन्धी कसुरमा कारबाही प्रक्रिया अघि बढाइनेछ ।

## राष्ट्रपतिद्वारा दुई अध्यादेश जारी



दैनिक समाचारदाता
काठमाडौं, २७ असोज । राष्ट्रपति रामचन्द्र पौडेलले आज दुई अध्यादेश जारी गर्नुभएको छ । राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रीपरिषद्को सिफारिसमा ‘वनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३’ र ‘भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३’ जारी गर्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

## नेप्से परिसूचक सामान्य अङ्कले बढ्यो



दैनिक सामचारदाता
काठमाडौं २७ असोज । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक आज सामान्य अङ्कले बढेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव १२ अङ्कले बढेर दुई हजार ५९९ दशमलव ९३ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ३५ अङ्कले बढेर ४७० दशमलव १७ मा पुगेको छ । फ्लोट सूचक शून्य दशमलव ४९ अङ्कले बढेर १८० दशमलव ०२ मा पुगेको छ । सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ८४ अङ्कले बढेर १५८ दशमलव ९७ मा पुगेको छ ।

विभिन्न कम्पनीका एक करोड ३५ लाख ५३ हजार ९७ कित्ता सेयर रु चार अर्ब ७३ करोड ६९ लाख २६ हजार ४०९ मूल्यमा खरिद बिक्री भएको छ ।

तेह्र वटै उपसमूहमध्ये पाँच उपसमूह बढ्यो भने आठ उपसमूह घट्यो । आज १०४ कम्पनीको सेयर बढ्यो भने १६७ कम्पनीको सेयर घट्यो । त्यसैगरी ७ कम्पनीको सेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार आज सगरमाथा जलविद्युत् कम्पनी, नेपाल लाइफ समृद्धि लगानी योजना, एनआईसी एसिया ग्रोथ फन्डलगायत लगानीकर्ताले कमाएका छन् । त्यसैगरी स्नो रिभर्स, धौलागिरि लघुवित्त वित्तीय संस्था र एनआईसी सेलेक्ट फण्ड लगायतका लगानीकर्ताले गुमाएका छन् ।

## उखु........

बैंक खातामा रकम जम्मा गर्नेछ। भुक्तानी गर्दा पहिले उखु बिक्री गरेका किसानलाई प्राथमिकता दिइनेछ।

किसानको खातामा जम्मा भएको र बाँकी रहेको अनुदान रकमको मासिक विवरण कृषि विभागमा बुझाउनुपर्नेछ। अनुदान भुक्तानीका लागि मन्त्रालयले वार्षिक बजेटमा रकम विनियोजन गर्नेछ। विनियोजित बजेट अपुग भए अर्थ मन्त्रालयसँग समन्वय गरी थप रकम निकासा गरिने व्यवस्था छ।

अनुदान वितरणमा पारदर्शिता कायम गर्न मन्त्रालय, कृषि विभाग, प्रदेशको कृषि हेर्ने मन्त्रालय, जिल्ला भुक्तानी समिति र कोष तथा लेखा नियन्त्रक कार्यालयले चिनी उद्योगको उखु क्रसिङ, तौल प्रणाली, किसानको लागत तथा भुक्तानी अवस्थाको स्थलगत अनुगमन गर्न सक्नेछन्।

अनुदान दुरुपयोग रोक्न कार्यविधिले कारबाहीको व्यवस्थासमेत गरेको छ। किसान, चिनी उद्योग वा सरकारी पदाधिकारीले अनुदान प्राप्त गर्ने वा वितरण गर्ने क्रममा झुटो विवरण पेस गरेमा वा सिफारिस गरी अनियमितता गरेमा प्रचलित कानुनबमोजिम कारबाही हुनेछ। कार्यविधिअन्तर्गत सञ्चालित कार्यक्रममा कुनै गुनासो भए किसान तथा सरोकारवालाले कृषि विभागमा उजुरी दिन सक्नेछन्। उजुरीमाथि विभागले गरेको निर्णय अन्तिम हुने व्यवस्था कार्यविधिमा गरिएको छ।

## बालबालिकाको.....

कारण रहेको बताउनुभयो।

जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले शिक्षा र स्वास्थ्यको जिम्मेवारी स्थानीय तहलाई दिइए पनि अपेक्षित सुधार हुन नसकेको बताउनुभयो। उहाँले यी दुवै क्षेत्रलाई सङ्घ वा प्रदेश सरकारको मातहतमा राख्नुपर्ने सुझाव दिनुभयो। राष्ट्रिय तथ्याङ्क कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी ढुण्ढीराज लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा युनिसेफका हर्षराज दाहाल तथा धनुषाका तथ्याङ्क अधिकृत शिवनारायण महतोसहितले अध्ययनका निष्कर्ष र बालबालिकाको अवस्था सुधारका विषयमा धारणा राख्नुभएको थियो।

## बाढी प्रभावित क्षेत्रमा विद्या भण्डारी

दैनिक समाचारदाता
काठमाडौं २७ असोज । बाढी प्रभावित क्षेत्रको अवलोकन गर्न नेकपा एमालेका वरिष्ठ नेता विद्यादेवी भण्डारी बेत्रावती पुगेकी छन् ।

पूर्वराष्ट्रपति भण्डारी समेत रहेकी भण्डारीले बाढी प्रभावित क्षेत्र र फलाखू खोलामा बनेको बेलिब्रिजको अवलोकन गरेकी छन् । १० भदौको बाढीले पुल बगाएको फलाखुमा बेलिब्रिज सञ्चालनमा ल्याइएको छ ।

सडक विभाग र नेपाली सेनाले त्यहाँ बेलिब्रिज सञ्चालन गरेको हो ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४